# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - २७

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल असार २ गते सोमबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री दिलेन्द्र प्रसाद बडूलाई समय दिनुहुँदा उहाँले नेपाली समाजको मौलिक सँस्कृति, सभ्यता, धर्म, रीतिरिवाजमाथि प्रहार गर्ने गरी सरकारले ल्याएको गुठी विधेयक तत्काल फिर्ता हुनुपर्ने, दमनको बाटो छोडेर सरकारले उक्त विधेयकमाथि सरोकारवालाहरुसँग सम्बाद गरी विधेयक फिर्ता लिनुपर्दछ भन्नुभयो ।

तदुपरान्त मा० श्री लक्ष्मणलाल कर्णले सार्वभौम संसदको समितिबाट दिएको निर्देशन नमानी सरकार र लोक सेवा आयोगले समानुपातिक समावेशीताको सिद्धान्त विपरित गरेको विज्ञापन तत्काल रद्द गर्नुपर्ने, सम्माननीय सभामुखबाट भएको रुलिङ्गको पालना गरी गिरिशचन्द्र लाल आयोगको प्रतिवेदन सरकारले तत्काल सार्वजनिक गर्न सरकारको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तत्पश्चात प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री उमाशंकर अरगरिया
२. मा० श्री कलिला खातुन
३. मा० श्री कु. तुल्सि थापा
४. मा० श्री खगराज अधिकारी
५. मा० श्री खेमप्रसाद लोहनी
६. मा० श्री गणेश कुमार पहाडी
७. मा० श्री गणेश सिंह ठगुन्ना
८. मा० श्री गौरी शंकर चौधरी
९. मा० श्री गंगा चौधरी (सत्गौवा)
१०. मा० श्री घनश्याम खतिवडा
११. मा० श्री चन्द्रकान्त चौधरी
१२. मा० श्री चाँद तारा कुमारी
१३. मा० श्री जुली कुमारी महतो

त्यसपछि अन्तर्राष्ट्रिय सम्बन्ध समितिका मा० सभापति श्री पवित्रा निरौला (खरेल)ले “अन्तर्राष्ट्रिय सम्बन्ध समितिको वार्षिक प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

तदुपरान्त महिला तथा सामाजिक समितिका मा० सभापति श्री निरु देवी पालले “महिला तथा सामाजिक समितिको वार्षिक प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७६ को विभिन्न शीर्षकहरुमाथिको जारी छलफल अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय र गृह मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समूहीकृत रुपमा छलफल प्रारम्भ हुने जानकारी गराउँदै मन्त्रालयहरु सम्बन्धी विनियोजन शिर्षकहरुमाथि पाँच जना मा० सदस्यहरुबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिम खर्च कटौतीको प्रस्तावहरु प्राप्त हुन आएको जानकारी गराउनु भयो ।

त्यसपछि खर्च कटौती प्रस्तावका प्रस्तावक निम्नलिखित मा० सदस्यहरुले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजको लागि निर्धारित विनियोजन शीर्षकहरुमाथिको छलफलमा समेत भाग लिनुभयो :-

१. मा० श्री मिनबहादुर विश्वकर्म
२. मा० श्री बहादुर सिंह लामा (तमाङ)
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री दिलेन्द्र प्रसाद बडू
५. मा० डा० नारायण खड्का

तदुपरान्त उक्त मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री देवप्रसाद गुरुङ
२. मा० श्री मोहम्मद अफताब आलम
३. मा० श्री चन्द्रकान्त चौधरी
४. मा० श्री सरिता गिरी
५. मा० श्री खगराज अधिकारी
६. मा० श्री दिव्यमणि राजभण्डारी
७. मा० श्री रेनुका गुरुङ्ग
८. मा० श्री ध्रुवकुमार शाही
९. मा० श्री भरत कुमार शाह
१०. मा० श्री जनार्दन शर्मा
११. मा० श्री विनोद कुमार चौधरी
१२. मा० श्री यज्ञराज सुनुवार
१३. मा० श्री प्रमिला राई
१४. मा० श्री जुली कुमारी महतो
१५. मा० श्री हिरा गुरुङ्ग
१६. मा० श्री गजेन्द्र बहादुर महत
१७. मा० श्री पुष्पा भुसाल (गौतम)
१८. मा० श्री मैना कुमारी भण्डारी
१९. मा० श्री डिला सँग्रौला (पंत)
२०. मा० श्री नारायण प्रसाद खतिवडा
२१. माण श्री रामबहादुर विष्ट
२२. मा० श्री घनश्याम खतिवडा
२३. मा० श्री ज्ञानकुमारी छन्त्याल
२४. मा० श्री सोमप्रसाद पाण्डेय
२५. मा० श्री महेश्वरजंग गहतराज (अथक)

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७६ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय र गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै विनियोजन विधेयक, २०७६ अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०७६ असार ३ गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल असार ३ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी दिनको ४:०५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव